Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ४० २०७७ बैशाख २८ गते आईतवार Sunday 10, MAY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## राहतमा भएको अनियमितताको विरोध गर्दै विपन्न परिवारद्वारा पुन : राहत माग

विराटनगर । कोरोना भाइरस कोभिड-१९ को संक्रमणवाट बच्नको लागि चैत ११ गते देखि गरिएको लकडाउनका कारण दैनिक ज्यालादारी गर्ने मजदुर, गरीब र विपन्न परिवारहरुलाई गरिएको राहत वितरणमा अनियमितत्ता भएको भन्दै त्यसको छानविन गरी दोसीलाई कारवाही गरी पुन : दोस्रो चरणको राहतको लागि विराटनगर महानगर पालिकाको कार्यालय बुधबार घेराउ गरेको थियो ।

विराटनगर महानगर पालिका वडा नं. १५ का स्थानीयवासीहरुले पहिलो चरणमा विराटनर महानगरपालिका मार्फत वडा कार्यालयले गरेको राहत वितरणमा वडा अध्यक्ष असलम आलमले ठूलावडालाई राहत वितरण गरेको र विपन्न परिवारलाई नै राहत उपलब्ध नगराएको आराप लगाउँदै राहत सामग्री १२ केजी चामल, दाल, नुन लगायत सामग्री पनि गुणस्तर हीन रहेको स्थानीय कमल ढुंगानाले आरोप लगाएका छन् ।


सामाजिक दुरी कायम गर्दै दोसरो चरणको राहतको लागि सडकमा प्रदर्शन

नेपाल सरकारले लकडाउनको समय अवधी जेष्ठ ५ गते सम्म बढाइ सकेको अवस्थामा पहिलो चरणका १२ केजी गुणस्तर हिन चामल पाएको त्यो पनि सकि सकेकाले विहान बेलुका छाक टार्न गाह्रे भएकोले टन्टलापुर घाममा सामाजिक दुरी कायम गर्दै सयौ स्थानिय वासीहरुले महानगर पालिका कार्यालय अगाडी सडकमै मेयर भीम पराजुलीको विरोध गर्दै पहिलो चरणको राहतमा भएको अनियमितत्ता छानवीन गरी दोषीलाई कारवाही गरी दोस्रो चरणको राहतको माग गर्दै सडकमै प्रदर्शन गरेको थियो ।

मोरंग जिल्लाका १७ वटै स्थानीय

वांकी अन्तिम पेजमा...

## अर्थ तन्त्रको विषयमा अन्तरक्रिया

विराटनगर । कोरोना भाइरसको महामारीबाट आहत मुलुकको अर्थतन्त्र कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बौद्धिक वर्गहरुको संस्था एलिट क्लबको आयोजनामा शुक्रबार सम्पन्न भएका अन्तरक्रियामा कोरोनाका कारण मानिसहरु घरबाट निस्किन डराइहेको बेला सामाजिक दुरी कायम गर्दै विराटनगर महानगरपालिकाको हलमा गरिएको अन्तरक्रियामा शैक्षिक, बैकिङ, उद्योग व्यापार, सामाजिक, राजनीतिक आदि विविध पक्षका प्रतिनिधिमूलक सहभागिता रहेको थियो ।

क्लबले हरेक साता शुक्रबार समसायिक विषयमा छलफल र अन्तरक्रिया आयोजना गर्दै आएकोमा कोरोनाको महामारी फैलिएपछि आमनेसामने छलफल बन्द भएको थियो ।

मुलुक बन्दाबन्दीको अवस्थामा गएपछि अनलाइनको माध्यमबाट विभिन्न क्षेत्रका व्यक्तित्वसँग छलफल

वांकी अन्तिम पेजमा...

## उपचार केन्द्रवाट आठ डिस्चार्ज

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगरको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा उपचाररत ८ जना आज डिस्चार्ज भएका छन् ।

उदयपुरको भुल्केबाट ल्याएको कोरोना संक्रमित मध्ये ८ जना कोरोना संक्रमणवाट निको भएपछि अस्पतालले डिस्चार्ज गरेको छ । डिस्चार्ज हुनेमा ७ जना नेपाली र एक भारतीय नागरिक रहेका छन् ।

कोरोना संक्रमण पुष्टी भएपछि गत वैशाख ८ र ९ गते विराटनगर ल्याइएको थियो । त्यहांवाट ल्याएको १५ जनामा गरिएको स्वाव परीक्षण ८ जनामा कोरोना नेगेटिभ देखिएपछि डिस्चार्ज गरिएको कोशी अस्पताल विराटनगरकी मेडिकल सुपरीटेन्टेन्ड डा. संगीता मिश्राले जानकारी गराएका थिए ।

डिस्चार्ज हुने ८ जनामा दुई पटक सम्म गरिएको स्वाव परीक्षणमा नेगेटिभ रिपोर्ट आएकोले डिस्चार्च गरिएका छ । डिस्चार्ज हुनेमा उदयपुरका २० वर्षीय आजाद

वांकी अन्तिम पेजमा...

## म्याद गुज्रेको खाद्य्य बस्तु बेचनेलाई दुई लाख जरीवाना

उर्लावारी । विश्व व्यापी रुपमा फैलिएको कोरोना भाइरसवाट नेपाल पनि प्रभावित भएको वेला सरकारले गरेको लकडाउनको समयमा म्याद गुज्रिएका खाद्य्य बस्तु बेच्ने व्यापरीलाई कारवाही गर्न थालेका छन् ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरको नेतृत्वको टोलीले गरेको अनुगमनको क्रममा एक व्यापारीले म्याद गुज्रिएको खाद्य्य बस्तु विक्री वितरण गरेको भेटाएपछि ती व्यापारीलाई २ लाख जरीवाना गरिएको छ ।

उर्लाबारी ७ स्थित बिना श्रेष्ठले संचालन गरेको दिपेन्द्र किराना पसल तथा पाउरोटी उद्योगमा विक्री गर्न राखिएको खानेतेल, विस्कुट र पेयपदार्थको म्याद गुज्रेको सामाग्री फेला पारेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरका प्रमुख हिमालय बरालले जानकारी गराएका थिए ।

उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम म्याद सकिएको खाद्यवस्तु विक्री गर्ने पसललाई कारवाहीको दायरमा ल्याएको बरालको भनाइ छ ।

त्यसैगरी सुन्दरहरैचा नगर पालिका १ स्थित साह किराना पसल र मितेरी ट्रेडसमा पनि म्याद सकिएको खाद्यसामाग्री फेला परेको थियो । ती सामाग्री अनुगमन टोलीले नष्ट गरेको थियो । अनुगमन टोलीले उर्लाबारी ६ स्थित अजय किराना

वांकी अन्तिम पेजमा...

## बालिकालाई गर्भवती वनाउने पक्राउ

विराटनगर । बलात्कार गरेर १६ वर्षीया बालिकालाई गर्भवती बनाएको अभियोगमा मोरङको पथरीशनिश्चरे नगरपालिका- ८ का ४८ वर्षीय राजन लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ ।

लिम्बूले दलित परिवारकी बालिकालाई छ महिनादेखि पटक-पटक बलात्कार गरेको प्रारम्भिक अनुसन्धानबाट पत्ता लागेको छ ।

इलाका प्रहरी कार्यालय पथरीका डीएसपी दिलिप गिरीले स्वास्थ्य परीक्षणबाट बालिकाको पेटमा पाँच महिनाको गर्भ रहेको खुलेको खुलेको छ ।

लिम्बूले विभिन्न डर, धम्की देखाएर बलात्कार गरेका कारण

वांकी अन्तिम पेजमा...

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.

Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## राहतमा...

तहहरुमा पहिलो चरणको राहत वितरण गरी सकेको छ। ती सबै गाउंपालिकाहरुमा पनि राहत सामग्रीहरु गणस्तर हीन रहेको र राहत वितरणमा भेदभाव गरेको स्थानीयवासीको गुनासो रहदै आएको छ।

लकडाउनको समयसिमा बढेको बढ्यै गर्दा आम नागरिकको घरमा चुलोमा आगो बल्न छाडिसकेको छ।त्यसैले स्थानीय बासीहरुले दोस्रो चरणको लागि सडक प्रदर्शन गर्न थालिसकेका छन्

कोरोनाले भन्दा पनि भोकमारीले जनता मर्न लागेको भन्दै आफ्नो वडामा स्थानियवासी दोस्रो चरणको राहतको माग गर्न थालेको वडा नम्बर १५ का वडा अध्यक्ष असलम आलमले विराटनगर महानगर पालिकासंग कुरा राखि सकेको वताए।

पहिलो चरणको राहत स्थानिय तहले वितरण गरेको कारण दोस्रो चरणको प्रदेश र तेस्रो चरणको राहत संघिय सरकारले वितरण गर्ने अपेक्षा गरिएको भएता पनि त्यो नभईरहेको अवस्थामा तत्काल नगर विपत उच्च समितिको बैठक बसी पुन दोस्रो चरणको राहत वितरण प्रक्रियालाई अगाडी बढाउने मेयर पराजुलीले अश्वासन दिएको छ।

## म्याद...

पसलले एमआरपी मुल्यभन्दा बढीमा विक्री गरेको पाएको थियो। सो पसललाई कुनै कारवाही नगरी छोडेको छ।

प्रेमचन्द्र बायतीले संचालन गर्दै आएको किराना पसललमा २० रुपैयाँको आयो नुनलाई २२ रुपैयाँमा विक्री गर्दै आएको अनुगमन टोलीले फेला पारेको थियो।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरको नेतृत्वमा आएको टोलीले बजार अनुगमन गर्दा केही व्यापारीलाई समान्य गल्ती गरेकोमा एकपटकलाई सचेत गराएर छोडिएको थियो।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय मोरङ, नाप तौल तथा गुणनियन्त्रण कार्यालय, उर्लाबारी नगरपालिकाको प्रतिनिधीको सहभागिता रहेको थियो।

## बालिकालाई...

आफू गर्भवती हुँदा पनि घटना बाहिर ल्याउन बालिका डराएको डीएसपी गिरीको भनाइ छ।

लामो समयदेखि महिनावारी रोकिएर पेट बढ्दै जानुका साथै खान समेत मन नगर्ने गरेपछि अभिभावकले सोधपुछ गर्दा बलात्कारबाट पीडित बनेकी बालिका गर्भवती समेत रहेको खुलेको थियो।

बालिकाका अभिभावकले प्रहरीमा जाहेरी दिएको थाहा पाएर भाग्दै गरेको अवस्थामा लिम्बूलाई पक्राउ गरिएको थियो। पक्राउ परेका लिम्बू विरुद्ध जवरजस्ती करणी मुद्धा चलाउन अनुसन्धान गर्ने भएका छ।

बलात्कार पीडित गर्भवती बालिकालाई भने संरक्षणका लागि ओरेक नेपालको जिम्मा लगाइएको प्रहारीले जनाएको छ।

## अर्थ...

चलाइहेको क्लबले देशमा बजेट र योजना बनाउने बेलामा सरकारलाई सहयोग पुगोस भन्ने उद्देश्यले प्रतिकूल अवस्थामा सामाजिक दुरी कायम गर्दै आवश्यक सावधानीका साथ अन्तरक्रिया गरेको थियो।

सो कार्यक्रममा क्लबका पूर्व अध्यक्ष एवम् अर्थशास्त्री डा. भेषप्रसाद धमलाले विषयवस्तु प्रस्तुत गर्नु भएको थियो भने प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बो, प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेल र विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीको विशेष उपस्थिति रहेको थियो।

## उपचार...

आलम, १८ वर्षीय मो.इमरान अहमद, १८ वर्षीय परवेश आलम, ४१ वर्षीय मुख्तार मियाँ, ५५ वर्षीया रौशन खातुन विराटनगरका ७२ बर्षीया आइनो मियाँ, ६० वर्षीय इजरायल मियाँ र भारत दिल्लीका २४ वर्षीय मो.आदिल रहेका छन्।

कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रबाट ६ जना भारतीय यस अघि नै डिस्चार्ज भई सकेका थिए। अस्पतालमा अहिले १७ जना उपचाररत रहेका छन्। डिस्चार्ज भएका ७ जना पुरुषलाई विराटनगर १५ को रानी मरकजमा राखीएको र एक महिलालाई त्रियुगा नगरपालिकाले व्यवस्थापन गरेको क्वारेन्टाईनमा राखीएको सामाजिक विकास मन्त्री जीवन घिमिरेले जानकारी गराएका थिए।

कोभिड अस्पतालबाट डिस्चार्ज भएकाहरुलाई स्थानीय स्तरमा निर्माण गरिएको क्वारेन्टाईनमा पठाईने, कसैको घरमा नै वस्ने वातावरण भएमा घर नै पठाईने छ।' अस्पताल स्रोतले जनाएको छ।

## बहालकर...

जुनसुकै शीर्षकमा लिईएको कर्जाको हकमा शतप्रतिशत ब्याज छुट हुनुपर्ने तथा लकडाउनपश्चात सहुलियत दरमा ब्याज भुक्तानीका लागि ६ महिनाको समयसीमा प्रदान गर्नुपर्ने लगायतका माग राखेका छन्।

## धार्मिक...

अवस्थामा सरकारले घोषणा गरेको लकडाउन आफ्नै र समुदायकालागि समेत भएकाले त्यसको पुर्णरुपले पालना गर्नुपर्ने आग्रह गरेका थिए।

अन्जुमन इस्लामिया जामा मस्जिदका सचिव तनवीर कुरैशीले अन्जुमन इस्लामियाले सरकारद्वारा घोषित निर्देशन र अनुरोधहरुलाई पुर्णरुपले पालना गरेको बताएका थिए।

सो मस्जिदमा हाल इमाम र साहेब इमामगरि जम्मा २ जनामात्र दैनिकरुपमा बस्दै आएको तथा बढीमा ५ जनाले सामाजिक दुरी कायम गरेर नमाज बढ्दै आएको छ। यसअघि मस्जिदमा आएर नमाज पढ्ने ब्यक्तीहरुलाई सुचना प्रकाशित गरेर घरमै नमाज पढ्न अनुरोध गरि सकेको छ।

मुस्लिम आयोग मोरङ जिल्ला अनुगमन तथा समन्वय समितिले विराटनगर महानगर पालिका क्षेत्रभित्रको पोखरिया, भट्टाचोक, कञ्चनवारी, कारखाना टोल सहित कटहरी गाउंपालिकाको जम्टोकीस्थित मस्जिदको समेत अनुगमन गरेको थियो।

प्रदेश नं. १ मोरंग जिल्लामा मुस्लिम समुदायहरुले नवाज पढ्ने मस्जितहरुको संख्या २५ रहेको छ जस मध्ये विराटनगर महानगर पलिका भित्र २५ वटा मस्जिदहरु रहेको मुस्लिम अगुवाहरुले जनाएको छ।

**धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं।**

# इसाई समाज द्धारा विराटनगर महानगर पालिकालाई राहत प्रदान

विराटनगर। कोभिड १९ को संक्रमण फैलिन नदिनका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउन ४१ दिन पुगीसकेको छ।

लकडाउनको अबधि थपिएसंगै दैनिक ज्यालामजदुरी गरेर जीवन चलाइरहेका सबै तहका मानिसहरू आर्थिक अभावमा भोकै बस्नुपर्ने अवस्था दिनदिनै सिर्जना हुँदै गएको छ।

महानगर पालिका भित्र बसोबास गर्ने विपन्न र आर्थिक अभावमा रहेका व्यक्तिहरूलाई राहतप्रदान गर्न सहज होस् भनेर इसाई समाज विराटनगरले ५५ हजार रुपैया बराबरको ५० बोरा मन्सुली चामल विराटनगर महानगरपालिकालाई हस्तान्तरण गरेको छ।

इसाई समाजे धार्मिक संगठन भएको कारणले नागरिकको पीडा महशुस गर्दै सानो भएपनि सहयोग उपलब्ध गराएको समाजका अध्यक्ष सुरज मल्लले बताउनुभयो। पहिलो चरणमा चर्चभित्र रहेका प्रभावितहरुलाई चर्चकै व्यक्तिहरूको सहयोगद्वारा राहत उपलब्ध गराएको समाजले दोस्रो चरणमा समाजमा आवद्ध विभिन्न चर्चहरू र इसाई संघसंस्थाहरूबाट सहयोग संकलन गरी महानगरलाई राहत उपलब्ध गराएको अध्यक्ष मल्लले जानकारी दिनुभयो।

राहत बुभ्दै विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले समाजमा भएका हरेक धार्मिक निकायहरूले यसरी नै सहायता गरे जस्तोसुकै ठूलो संकटको सामना गर्न पनि सकिने बताउनुभयो।

# एक करोड ९ लाख सहित दुई भारतीय पक्राउ

विराटनगर। विराटनगर भन्सारबाट सशस्त्र प्रहरीले एक करोड नौ लाख रुपैयाँसहित २ जना भारतीयलाई पक्राउ गरेको छ।

ती दुवैलाई एकीकृत भन्सार जाँच चौकी विराटनगर परिसरबाट एक करोड नौ लाख ७९ हजार ५ सय भारतीय रुपैयाँसहित पक्राउ गरिएको सशस्त्र प्रहरीका एसपी नेत्र कार्कीले जानकारी दिनुभएको थियो।

पक्राउ पर्नेमा भारतको दार्जिलिङ जिल्ला, सिलिगढी गंगानगर वडा नं ५ का २४ वर्षीय चालक रवीन्द्र शर्मा र भारतकै जिल्ला महजपुर, बिहार रौतिमिया वडा नं १२ का १८ वर्षीय पप्पु कुमार रहेका छन्।

नाकामा भारतबाट प्रवेश गरेको डब्लूबी ७३ ई ७६३५ खाली गाडी चेकजाँच गर्ने क्रममा बोराभित्र राखेको अवस्थामा सो रकम फेला परेको थियो। खाली गाडीमा गुट्खाको ट्यापरले बेरेर लुकाएर ल्याइएको अवस्थामा सो रकम बरामद गरिएको थियो।

खाली गाडी भएका कारण भारत पक्षले परीक्षण नगरी नेपाल प्रवेशको अनुमति दिएको थियो। नेपालमा भने जाँच गर्दा बोराभित्र राखेको अवस्थामा सशस्त्र पहरीले सो रकम बरामद गरिएको थियो।

# कतार च्यारीटी द्धारा स्वास्थ्य सामग्री हस्तान्तरण

विराटनगर। कोरोना भइरस दिन प्रति दिन नेपालमा बढ्दै गई रहेको अवस्थामा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि खटिएका स्वास्थ्य कर्मीहरुको लागि प्रदेश नं. १ सरकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ।

उक्त स्वास्थ्य सामग्री कतार च्यारिटी नेपालले प्रदेश नं. १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई हस्तान्तरण गरिएको थियो।

स्वास्थ्य सामाग्री ग्रहण गर्दै मन्त्री घिमिरेले संकटको समयमा सवैको सहयोग आवश्यक रहेको बताउदै संकटको समयमा स्वास्थ्य सामाग्री प्रदान गरेकोमा धन्यवाद दिएको थिए।

कतार च्यारिटीले व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) ३ सय थान, आईआर थर्मामिटर २५ थान, मास्क, ग्लोब्स लगायत गरि ५ हजार १ सय २५ थान स्वास्थ्य सामग्री हस्तान्तरण गरेको परियोजना व्यवस्थापक इर्साद अलिशेखले जानकारी जानकारी गराएका थिए।

# भिलेज नेपाल द्धारा कोरोना संक्रमणवाट बच्न मास्क वितरण

विराटनगर। भिलेज नेपाल नामक एक गैरसरकारी संस्थाले शुक्रवार जहदा गाउंपालिकाको वडा नं. १ र धनपाल धान गाउंपालिका वडा नं. २ गरी जम्मा दुई सय थान माक्स वितरण गरिएका छ।

विश्व व्यापी रुपमा फैलि रहेको कारोना भाइरसको प्रकोप नेपालमा पनि तिव्र देखिएकोले कोरोना वाट बच्च साबुन पानीले हात धुने र माक्स लगाउने भएकोले समाजमा जनचेतना फैलाउनका लागि साबुन पानीले हात धुवाएर माक्स वितरण गरिएको थियो।

माक्स वितरणमा स्थानीय बाबा शिव मन्दरका अध्यक्ष राजेश कुमार राजवंशी लगाय अन्य पदाधिकारीहरुले सहयोग गरेका थिए। माक्स वितरण भिलेज नेपालका अध्यक्ष श्याम सुन्दर सुतिहार र कोषाध्यक्ष मुकेश कुमार यादवको उपस्थिति रहेको थियो।



उक्त माक्स उपलब्ध गराउने अन्जली होजियारीका संचालक प्रमोद मण्डललाई अध्यक्ष सुतिहारले हार्दिक धन्यवाद दिदै अगामी दिनमा पनि अन्य राहत सामग्री समेत वितरण गर्ने वताएका थिए।

**बिराटनगर महानगरपालिकाको अपिल**

- नोभेल कोराना (कोभिड १९) संकमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै पसल, उधोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुको लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।
- नोभेल कोराना (कोभिड १९) भाईरस विरुद्ध सामाजिक संघ सस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालिको व्यवस्थापन कार्यमा सहयोग गर्ने।
- महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सुचना नभएसम्मका लागि स्थगित (बन्द) गर्ने।

थप जानकारीको लागि: ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# सरकारले गर्नुपर्ने केही काम

कोरोना भाइरसका कारण विश्वभरी नै मानव जाति घरमा बस्न वाध्य भएका छन्। सरकारले कोरोना भाइरसवाट बच्नका लागि गरिएको लकडाउनको वेला आमनागरिहरुको लागि नेपाल सरकारले आवश्यक निति नियम बनाउन आवश्यक छ। लकडाउनले गर्दा नेपाली कृषकहरुले उत्पादन गरेको तरकारी फलफूल खेतीवारीमै सडेर गईरहेको छ तर सरकारले करौडौ रकम लगानी गरेर विदेशवाट तरकारी फलफूल आयत गरि रहको छ त्यसको अन्त हुन आवश्यक छ। दैनिक ज्याला मजदुरीमा निर्भर श्रमिक वर्गा सब भन्दा वढी अहिले पिडित भएका छन् उनीहरु छाक टार्न राहत पर्खि रहेको छ तर पोकोको ठेगान छैन यस्तो अवस्थामा सरकारले ध्यान दिई ठोस राहत प्याकेज र सहुलियत दरमा खाद्यव्यानको व्यवस्था मिलाउनु पर्छ। सारा विश्व नै कोरोनाको संकटमा परेकोले विदेश साहयताको आश गर्नु वेकार छ। नेपालमै सांसद विकास कोषको रकम, केही राजनीतिक नियुक्तिहरु कटौति गरेर जनताको जीविका चलाउन ध्यान दिनु पर्छ।

सारा विश्व नै कोरोनाको संकटवाट गुज्रि रहेको वेला सवै राष्ट्रिले आफ्ना नागरिकको खोजी गर्नु जायज हो त्यसै अनुरुप नेपालले पनि आफ्ना नेपाली नागरिक चाहे विदेशमा होस वा भारत सिमा पारी होस ती सवै नेपाली नागरिक भएकोले तिनीहरुलाई उद्धार गरी नेपालमै रोजगारी दिएर व्यवस्थापन गर्नु आवश्यक रहेका छ। त्यसै गरी अन्य मुलुकको तुलनामा नेपालको भौगोलिक अवस्था भिन्न रहेकोले सोही अनुसार निती नियम बनाउनु पर्छ धेरै विदेशहरुका नक्कल गर्नु हुंदैन। नेपाली जनताको भोटवाट निर्वाचित भएका जन प्रतिनिधीहरुले 'जनता भोटको वेला माईवाप, संकट परेको वेला टाढैवाट नमस्कार'को भावना त्यागेर साच्चै तनव, मन र धनले जनताको सेवामा लाग्नु पर्छ।

कोरोना भाइरस नेपालमा पनि दिन दिनै बढ्दै समुदाय सम्म फैलिएको आवस्था रहेकोले नेपाल सरकारले स्वास्थ्य परिक्षण कछुवागतिमा गरि रहेको छ। यसलाई तिव्रता दिई पीसीआर प्रविधीवा परीक्षणका लागि पर्याप्त मात्रामा किटहरु उपलब्ध गराउनु पर्छ। खासगरी कोरोना संग लड्नका लागि अग्रभागमा काम गरि रहेका डाक्टर, नर्स, सरसफाईमा काम गर्ने कामदारहरुको लागि प्रयाप्त स्वास्थ्य सामग्रीहरु सरकारले व्यवस्थापन गरी करोना संग प्रत्येक नागरिकलाई लड्न प्रोत्सान, राहत वितरण र सहानुभुति सरकारले देखाउन आवश्यक रहेको छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला। शारीरिक आलस्यले जरो गाड्ने छ। परिवारिक चिन्ताले सताउने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : सहास र हिम्मतले धेरै काम बन्ने छ। आटेका काममा सफलता मिल्ने छ। सत्रुहरु परास्त हुने छन्। प्रशन्सा तथा मान सम्मानको योग रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह) :** आर्थिक मामिलाको काममा ठगिनुका साथैं माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) :** शारिरीक तथा मानसिक ताप उत्पन्न होला। अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) :** मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ। भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ। धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ।**

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते) :** समयले विस्तारै कोल्टे फेर्न लागेको छ। रोकिएको काम क्रमश वन्दै जानेछन्। वादविवादमा आनसिक सफलता मिल्ने छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : स्वास्थ्यमा विशेष विचार पुर्‍याउनु होला। काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे) :** केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ। आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) :** अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ। कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) : तपाईको स्वास्वास्थ्यमा सुधार हुदै जानेछ। अडिकिएका कामहरु क्रमश वन्दै जानेछ। प्रतिस्पर्धामा सफलताको योग छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) :** पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ। सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ। सचेत रहनु होला।

# कुन मन्त्रालयले के सूचना सार्वजनिक गर्ने ?

**कृष्णहरि बास्कोटा**

नागरिकको सूचनाको हकको संरक्षण सम्वर्द्धन र प्रचलन गर्न गठित राष्ट्रिय सूचना आयोगको स्थापना २०६५ वैशाख २२ गते भएको हो। यसर्थ प्रत्येक वैशाख २२ गतेका दिनलाई आयोग स्थापना दिवसका रुपमा मनाइन्छ।

सूचना आयोगमा रही ५ वर्ष अनुभव हासिल गरेका आधारमा हाल कायम रहेका २२ वटा संघीय मन्त्रालयहरुले कम्तीमा निम्न सूचना आमजनताको जानकारीका लागि नियमितरुपमा प्रकाशन गर्नुपर्ने अभिमत अघि सार्न चाहन्छु।

१.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :

मन्त्रिपरिषद्को बैठक बसी प्रवक्ता मन्त्रीले निर्णयहरू सार्वजनिक गरेलगत्तै ती निर्णयहरू वेभसाइटमा राख्नुपर्छ। यदि हप्तामा तोकिएको दिनमा मात्रै निर्णय सार्वजनिक गरिन्छ भने सो सार्वजनिक गर्ने क्षणमा ती निर्णयहरू अनिवार्यरुपमा वेभसाइटमा राखिनुपर्छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले मुलुकभरिको सरकारी ठेक्काको विस्तृत विवरण वेवसाइटमा राख्नुपर्छ। यसमा कतिवटा ठेक्का समयमा सम्पन्न भए, कतिमा म्याद थप भयो, कतिमा जरिवाना भयो भनी ठेकदारपिच्छेको विवरण सार्वजनिक गर्नुपर्छ।

प्रधानमन्त्री कार्यालयले २५ हजारमाथिको सबै खरिदको बिलको भुक्तानी दिनुपूर्व तीन दिन आफ्नो वेवसाइटमा सो बील राख्ने र यही 'असल अभ्यास' अरू मन्त्रालयलाई पालन गराउन पहिला आफैं 'रोल मोडल' हुनुपर्छ। कम्तीमा २२ वटा मन्त्रालयले खरिद गर्ने स्टेसनरी, फोटोकपी कागज, पाइलट पेन, टोनर जस्ता वस्तु खरिदको दरभाउ मासिकरुपमा तुलनात्मक चार्ट बनाई प्रधानमन्त्री कार्यालयको वेवसाईटमा राख्ने प्रवन्ध गर्नुपर्छ।

२.अर्थ मन्त्रालय :

अर्थ मन्त्रालयले निसंकोच मासिकरुपमा आफूले गरेको रकमान्तर, स्रोतान्तर, थप निकासा, राजस्व असुली, राजस्व चुहावट नियन्त्रण, वैदेशिक सहायता लगायतका सम्पादित कामको निश्चित 'टेम्प्लेट' बनाई तथ्यांक मासिकरुपमा सार्वजनिक गर्नुपर्छ। साथै, प्रत्येक महिना सबै मन्त्रालय, विभाग र ठूला आयोजनाको वार्षिक बजेट, चौमासिक विभाजन र खर्चको स्थिति प्रष्ट बुझिने गरी मासिकरुपमा तथ्यांक सार्वजनिक गर्नुपर्छ। यस अतिरिक्त, राजस्व चुहावटमा कुन केसमा के नाम गरेका (अपवादबाहेक) मानिसले कति सुराकी रकम पाए, सार्वजनिक गर्नुपर्छ।

नेपाल राष्ट्र बैङ्कले पहिलो चरणमा मुलुकमा विद्यमान वाणिज्य बैङ्कहरूको सूचकांकका आधारमा उनीहरूको अवस्थाबारे मासिक जानकारी दिने तुलनात्मक तालिका नियमितरुपमा प्रकाशन गर्नुपर्छ।

यसैगरी बीमा समितिले जीवन बिमा, निर्जीवन बिमा र पुनर्बिमा कम्पनीहरूको सूचकांकका आधारमा तुलनात्मक स्थिति मासिकरुपमा सार्वजनिक गर्नुपर्छ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :

उद्योग मन्त्रालयले औद्योगिक प्रवर्द्धन बोर्डको बैठकको निर्णय तत्कालै वेवसाइटमा राख्ने प्रवन्ध गर्नुपर्छ। नेपालमा कुन(कुन खानी कुन(कुन कम्पनीले के गर्छु भनेर लाइसेन्स लिएका छन् र तिनमा के प्रगति भयो, सो विवरण मासिक रुपमा अपडेट गरी वेवसाइटमा राख्ने प्रवन्ध गर्नुपर्छ। यसैगरी, नेपालमा सञ्चालित उद्योगको नाम र तिनले महिनाभरिमा सरकारको नीतिबाट प्राप्त गरेका सुविधा नियमितरुपमा सार्वजनिक गरिनुपर्छ।

वाणिज्य तथा आपूर्तितर्फ दैनिक उपभोग्य वस्तुको स्टकको विवरण सार्वजनिक गर्ने टेम्पलेट निर्माण गरी मासिकरुपमा सूचना सार्वजनिक गर्नुपर्छ। बजार अनुगमनबाट कारबाहीमा परेकाको सूची दैनिक वेवसाइटमा अपडेट गर्नुपर्छ।

यसैगरी निकासीमा अनुदान पाउनेको सूची, दुर्गममा चामल ढुवानीको स्थिति, सरकारी स्वामित्वको पारवहन तथा गोदाम व्यवस्था कम्पनीबाट अन्डरटेकिङ लगायतको सेवा लिने सरकारी निकाय र द्धिपक्षीय तथा बहुपक्षीय व्यापारका तथ्यांकहरू मासिक रुपमा अपडेट गरी सार्वजनिक गर्नुपर्छ।

४.ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय :

यस मन्त्रालयले हालसम्म कुन( कुन संस्थारव्यक्तिले कुनकुन खोलारनदीमा जलविद्युत् उत्पादन गर्ने गरी लाइसेन्स लिएका छन, कतिपटक म्याद थप गरे, क-कसको इजाजत कहिले खारेज भयो, पुन : अर्को इजाजत लिए कि, यी विवरण प्रष्ट देखिइने गरी तुलनात्मक चार्ट तयार गरी वेबसाइटमा राख्नुपर्छ।

नेपाल विद्युत् प्राधिकरणले घरायसी प्रयोजनमा विद्युत सेवा लिनेबाहेक सबै कलकारखाना, सरकारी निकाय लगायतको विद्युत् शक्तिको क्षमता र मासिक भुक्तानी गरेको विद्युत् शुल्कको विवरण मासिकरुपमा सार्वजनिक गर्नुपर्छ। साथै विद्युत् शुल्क बुझाउन बाँकी भएको 'बक्यौताको विवरण व्यक्तिको नाम ठेगाना सहित निसंकोच वेवसाईटबाट सार्वजनिक गर्नुपर्छ।

सिँचाइतर्फ ठूला सिँचाइ, मझौला सिँचाइ र साना सिँचाइका सम्पन्न योजना, अधुरा योजना, बन्द भएका योजनालगायतका यथार्थ सूचना सार्वजनिक गर्नुपर्छ। यसैगरी जल उत्पन्न प्रकोपतर्फ सञ्चालित सबै योजनाका बजेट र प्रगति विवरण सार्वजनिक गरिनुपर्छ।

५.कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय :

यस मन्त्रालयले मासिकरुपमा कुन-कुन सरकारवादी मुद्दा फिर्ता लिने निर्णय गरियो, सोको आधार र कारण के थियो, विनाहिच्किचाहट सार्वजनिक गर्ने प्रवन्ध गर्नुपर्छ। यसैगरी कानुन मन्त्रालयबाट दिइएका कानुनी रायहरूको संग्रह प्रकाशित गर्ने परम्पराको आरम्भ गर्नुपर्छ।

साथै, नेपाल कानुन आयोगबाट कुनकुन कानुनको मस्यौदा तयार भइरहेको छ, तिनको मस्यौदा चरणमै आमनागरिकबाट सुझाव पाउने ध्येयले सार्वजनिक गर्ने परम्पराको थालनी गर्नुपर्छ।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय :

यस मन्त्रालयले आम किसान र पशुपालकले पाउने ठूला, मझौला र साना सुविधा के-के छन, नियमितरुपमा अपडेट गरी सार्वजनिक गर्नुपर्छ। यो वार्षिक रुपमा पुस्तककारुपमा प्रकाशित हुनुपर्छ। साथै, यस्तो सुविधा हासिल गर्ने किसानको नाम र ठेगानासहित अरूको सुविधाका लागि, जानकारीका लागि, उत्प्रेरणाका लागि प्रकाशित गर्नुपर्छ।

७. खानेपानी मन्त्रालय

यस मन्त्रालयले मेलम्ची लगायतका ठूला खानेपानी आयोजनाहरूको यथार्थ विवरण वेबसाइटमा 'अपडेट' गरी राख्नुपर्छ। यसैगरी, काठमाडौं उपत्यका खानेपानी आयोजना, खानेपानी संस्थान र ग्रामीण खानेपानीको स्थिति र कुन ठाउँमा कतिबजे धारामा पानी आउँछ भन्ने सूचना नियमितरुपमा सार्वजनिक गर्नुपर्छ।

८. गृह मन्त्रालय :

यस मन्त्रालयले सतहत्तरै जिल्लामा दर्ता भएका संघ संस्थाका नाम, अध्यक्ष, नवीकरणको स्थिति, लेखापरीक्षण प्रतिवेदन बुझाएको विवरण सार्वजनिक गर्नुपर्छ। यस्तै, नागरिकको राष्ट्रिय परिचयपत्र स्वयंले वेवसाइटमा 'सर्च' गर्न मिल्ने स्थितिमा राख्नुपर्छ।

आमाको नामबाट नागरिकता पाउनेलगायत आमचासोका विषयमा सरल ढंगको कार्यविधिरनिर्देशिका तयार गरी सार्वजनिक गर्नुपर्छ। मासिकरुपमा आर्थिक सहायता लिनेरपाउनेको नामावली सार्वजनिक गर्नुपर्छ।

नेपालभरिका जिल्ला प्रशासन कार्यालयमा चलेका सार्वजनिक अपराधका मुद्दालगायतको विवरण र तिनको प्रगति मन्त्रालयको वेभसाइटमा सार्वजनिक हुने परम्परा आरम्भ गर्नुपर्छ।

९. परराष्ट्र मन्त्रालय :

यस मन्त्रालय मातहत विदेशमा रहेका नियोग, कन्सुलरलगायतका कार्यालयहरूले कतिवटा भिसाका स्टिकर लिएका थिए ? कति राजस्व सर्वसञ्चित कोषमा दाखिल गरे भन्ने विवरण सार्वजनिक गर्नुपर्छ।

यसैगरी, प्रत्येक दूतावासले मासिकरुपमा सम्पादन गरेको कामको तुलनात्मक विवरण मन्त्रालयको वेवसाइटमा रहनुपर्छ। नेपालका प्रतिनिधि संयुक्त राष्ट्र संघमा, विश्व व्यापार संगठनमा, सार्कमा आदि स्थानमा रहन्छन्। तिनले गरेका काम, हामीले हस्ताक्षर गरेका कागजात, मतदान गरेका विवरण मन्त्रालयको वेबसाइटमा राख्नुपर्छ।

यस अतिरिक्त नेपालमा कुन-कुन देशका प्रतिनिधि तोकिएका छन्। तिनले सम्पादन गरेका मासिक कामको प्रगतिविवरण सार्वजनिक गर्ने परम्परा आरम्भ गर्नुपर्छ।

१०. वन तथा भू-संरक्षण

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only

## पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ

# 'तेली' जाइत के छोट परिचय

**श्याम सुन्दर सुतिहार**

पिछडा वर्गमे परैवाला ३६ जाइत मे तेली सेहो पडै है यी जाइतके परापूर्वकालके मुख्य पेशा तेल उत्पादन करैके काम रहल हे । यी जाय खास करके तेलके व्यापार करैत रहल लेकिन एखै यी जायतके लोग सव अन्य पेशामे सेहो लगल हे । यी जायत के विभिन्न प्रकारमे विभाजित भेल हे जइसन कि कनौजिया, व्याहूत, गोरखपुरिया, राकी, छपरिया, भोजपुरिया,जोनपुरिया, औरहिया, मगहिया, मझरौट, वा मथुरिया, जनकपुरीया, उमरहिया, वा उमर तेली आदी रहल हे । तेलीमे मोसली तेली सेहो है हे । यी जायत सव नेपालके मधेश क्षेत्र के सव जिल्ला मे वसोवास हे । यी जायत सव अपन पेशा वाहेक अन्य पेशामे सेहो लगल है । खास करके आधुनिक युगमे पिछडा वर्गमे पडैवाला जाती मध्ये तेली जाइत अन्य जायत से शिक्षित हे । शिक्षित हुवैके कारण सरकारी पेशामे सेहो लगल हे । लेखिन नेपालमे छुट्यालगेल उच्च वर्ग, दलित, जनजाती मे तेली जायत नई पड हे वहे कारण एकरा पिछडा वर्गमे राखल गेल हे ।

तेली समुदाय पिछडा वर्गमे परैवाला अन्य जायत से पढल लिखल व्यक्ति अधिक है वहे कारण से सरकारी पेशामे सेहो लगल है । लेकिन एहो जायतके महिला सव अशिक्षित आर घर से वहार नय निक ल है । महिला सव खास करके घर धन्धामे लगल रहल हे । यी जाइतके पहिला सव हिन्दु धर्म मानै वाला जइसन हि पावैन सव करै हे । अपत परिवार, वालवच्चा, पति के लेल व्रत राखै हे । जइसन कि जन्माष्टमि, जितिया, सकरतीया, छठ, दशमी, तीला संक्राती, फगुवा, सिरुवा लगाइतके पर्व मनाव है ।

मधेशमे वसोवास करैवाला अन्य समुदाय से अधिक रुपे दहेज प्रथा प्रचलन मे हे । जेकरा कारण वेटीके जनम से वेटाके जनमे परिवार अधिक खुशी रह हे । दहेज के कारण हि वेटाके अच्छा शिक्षा दित हे आर वेटीके शिक्षा मे ध्यान न द हे । जेकरा कारण महिला सव अशिक्षित हे । समाजिक रुपमें यी जाइत मे मागी विवाह करल जाइ हे । आर मागी विवाह हुवै के कारण लडका वाला दहेज के प्रस्ताव कर हे वहे प्रस्ताव छलफल भ क) समाजिक परम्परा अनुसार सादी विवाह करल जाइ हे । ओर सादी विवाह मे दहेजके साथे भोज भतेरके सेहो प्रचलन है । सादी विवाहमे अपन कुटुम्व जनसवके न्योता द क आर आपन गाउँ समाजके सम्पूर्ण लोग सवके बोलाके विवाह मे खाना खुवाइल जाइ हे ।

वहिना मृत्यु संस्कारमे भी अन्य समुदाय जइसन हि १३ दिन तक काज क्रिया करल जाय हे । १३ औ दिन मे सम्पूण गाउँ समाज आर कुटुम्व जन सवके वोलाके भोज भतेर कर पडै हे । आर १४ औ दिन मे पुजापाठ कैर के शुद्ध हुव हे ।

यी जायत सवके वसोवास पडौसि देश भारत के विहार लगायत अन्य जगह सेहो वसोवास कर हे । भारतके प्रधान मन्त्री नरेन्द्र मोदी भी तेली जाइत हे सेहो कहल जाय हे । यी जाइत सव अपन जीवीका जैन तैन व्यापार विजनेस कैर के करै हे । लेखि यी जायत राजनैतिक रुपसे हुत पिछडल हे । इ जायतके राजनैतिक पहूँच एक दम न्यून हे जेकर कारण राज्यके अंग सव मे सहभागी न्यून हे । व्यवसायिक रुपमे अगाडी वढैके कारण राजनैतिक रुपसे पिछा पडल हे । ऐखैनका परिवेशमे समाज आर जाइतके अगाडि वढवैल राजनैति रुपसे अगाडी बढवाक आवश्यक हे ।

राजनैतिक रुपमा अगाडी वढैके लेल तेली समाज सेहो गठन भेल हे । तेली समाज गठन हुवै के मुख्य कारण नेपालमे वसोवास करै वाला तेली जाइत सव एक दुसरामे चिन जान आर संगठीन भक राजनैतिक अधिकार खोजैके हे । लेखि समाजो गठन भेल पर भी समाज सुस्त रुपमे अगाडी वढ हे । राजनैतिक रुपसे अगाडी वढ के लेले समाजमे जनचेतना फैलाव के आवश्यकता हे । तेली समाज के व्यक्ति सव धनी हे, व्यवसायीक हे, शिक्षित हे लेकिन राजनैतिक रुपमा से वहुत पिछडल हे । समाजिक रुपमे यी जायतके लोग सव व्यापरीक हुवै के कारण समाजिक काम सवमे वहुत सहयोग करै हे । एक दोसरके सहयोग करैमे यी जायतके लोग वहूत अगा हे ।

यी जाइतमे अन्य समुदाय जयसन समाजिक अन्धविश्वास सेहो हे । समाजमे ओझा, गुणी, डाईन, दहेज प्रथा, भोजभतेर जईस, अशिक्षा, वालविवाह लगायतके समस्या सव हे । यी समस्या सवके हटावके लेल समाज महिला पुरुष दोनो के शिक्षाके आवश्यकता हे अगर समाजमे शिक्षा के ज्योति वैल जायत दोसर समस्या सव अपने हटत जाई हे ।

यी समाज के जाइत के लोग सव व्यापारीक हुवै के कारण एक जगह नय रहहे । व्यापार के सिल-सिला मे जहां गेल अपन व्यापार चलल वहे जगह घर वसोवास करै के कारण यी जाईत जमातके रुपमे नई भेटत । इस लिए यी जाईके संगठीत होना आवश्यक है । आर परिवारके वाल-बच्चा वेटा-वेटी के शिक्षा मे जोड दक राजनैतिक रुप अगा वइढके राज्यके सरकारी निकायमे अपन पकड वनाक राजनैतिक रुपसे अगाडी वढैके आवश्यक है ।


कल्हुमे छोरीवाट तोरी तेल बनाउंदै ।

**बेटा बेटी दोनो बराबर है । तै स बेटा बेटीमे भेद्भाव नै कैरके दोनोके स्कुल भेजु ।**

## मगही भाषा के कविता

### सामाज

देख रहल छी अप्पन गामक
कुरीतिज्ञ और विसङगति स नै भेल अैछ अजाद ।
दिल मनसे हमरा दर्द लगैय,
समरत कहिया हमर सामाज-२
प्रेम स्नेह मयाके होइछै
एक आपसमे खुशीके वर्षत ।
झगरा झाटी कतवो होइ,
रहत एक दुसरके साथ-२
साँझपहर दलानमे बइस,
सब बतवै अपन-अपन मनकराज ।
मनेमन सब कहिरहलहय,
मिलबरहाउ अपन सामाज-२
जखन सब शिक्षित हयात
बदलत सामाजक रित ।
सबकोई से अग्रह करैछी,
पैरलिख बनु शिक्षित-२
देख रहल छि अपन गामक
कुरीतिसे भेल नै अैछ अजाद ।
दि मनसे द:ख लगैय,
समरत किया अपन सामाज-२

**फुलगेन महतो**

## मगही भाषामा

### अपन सबके खातिर कोरोना भाइरस रोगके संक्रमणसे बचैल अपनाबैवाला नियम सब :

- कोरोना भाइरस रोग श्वास प्रश्वासके माध्यम स फैलेवला संक्रमण हैं ।
- संक्रमित आदमी खोखला आर छिकलासे नाक आर मुहसे निकलैवाला थुक आर नेटा के माध्यमसे यी भाइरस एक आदमी से दोसरका आदमीमे फैल है ।

**यी रोग से बचैके खातिर कि करै पड्तै ?**

- खोखी आर छिकै के समय नाक, मुख झापु आर प्रयोग करलगेल टिसूपेपरके जल्दी से गन्दा फेकैवाला टकुरीमे फेुक
- समय समयमे साबुन पानीसे हातमुह मिच-मिच के धुवाउ आर सेनिटाइजर के प्रयोग सहो करल जाय ।
- हात नैमिलाऊ, ओकर जगहमे नमस्कार और गोडलागै छि बोलु ।

**कि नै करै के चाही ?**

- खोखो आर बोखार लागल आदमीसे दुरी बनाके रहल जाय । अगर अपनेके भी खोखी लागल है त दोसर आदमी से दुर रहल जाय । भीडभाडमे नय जायल जाउ आर दोसरो लोग सबके भीडभाडमे नय जायके सल्लाह दियौ ।

**आर ध्यान दिएवाला बात :**

- बोखार आइलासे, खाँसी लगलासे, श्वास लिएमे दिक्कत भेल से नजदिकके स्वास्थ्य चौकीमे सम्पर्क करल जाय ।
- कोरोना भाइरस रोगके बारे विषेश जानकारीके खातिर पैसा नै लागेवाला हटलाईन टेलिफोन नं. ११५५ मे फोन करल जाय ।
- यी रोग से नै डराउ बलकि सतर्क रहल जाय ।

**मगही भाषा अभियन्ता : श्याम सुन्दर सुतिहार**

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# सरकारको प्रवक्ताको अभिव्यक्ति प्रति ध्यानाकर्षण

विराटनगर । नेपाल सरकारका अर्थ मन्त्री एवम् संघिय सरकारका प्रवक्ता डा. युवराज खतिवडाले निजी क्षेत्रलाई राहत दिन नसक्ने भन्दै दिनु भएको अभिव्यक्ति प्रति विराट व्यपरा संघलगायत दशवटा व्यापारीक संस्थाहरुको गम्भीर ध्यानाकर्षण भएको छ ।

ती व्यपारीक संस्थाहरुले विहीवार एक प्रेस विज्ञप्ती जारी गरी सुझाव सहित विभिन्न मागहरु राखेका छन् ।

खतिवडाको भनाई अनुसार कोरोना भाइरसको समस्या सरकारले मात्र व्यहोंन नसक्ने तथा निजि क्षेत्र पनि उक्त भारको हिस्सा बन्न' पर्ने, बढी राहत चाहिए निजि क्षेत्र धेरै कर तिर्न तयार रहन' पर्ने, वताएपछि व्यापारीले संयुक्त धारण लाएका छन् ।

नोक्सानीको दायित्व सरकारले मात्र बहन गर्ने हो भने आउँदो आर्थिक वर्षको बजेटमा कर वृद्धि गरिने छ भन्ने समेतको अभिव्यक्तिले सम्पर्ण निजि क्षेत्रमा निराशा छाएको भन्दै अर्थ मन्त्री डा. खतिवडाल आवेश प्रेरित र समयको अपेक्षा विपरित जारी अभिव्यक्तिको घोर भर्त्सना गरेका छन् ।

उद्योग व्यावसायको संरक्षण र विकास नै राज्यको प्रमुख दायित्व रहेको भन्दै उक्त बिषयलाई आत्मसात नगरी यदि सरकार निजि क्षेत्रलाई राहत र प्रोत्साहन दिन सक्दैन भने कर बढाउनुको सट्टा निम्न बँदाहमा खर्च कटौती गरी हामी उद्योगी, व्यावसायी र आम जनमानसमा राहत प्रदान गर्न जोडदार माग गरेका छन्

मागहरु

सर्वप्रथम सरकार स्वयंम सध्रिनुपर्ने :राजनैतिक प्रणाली परिवर्तन भयो, धेरै ठुला ठुला व्यवस्था परिर्वतन भए । तर सरकारको काम गर्ने शैली र तरिका खासै परिवर्तन भएको छैन । अहिले पनि त्यहि टिकाउने, चाकरी, त्यही कमिसन तन्त्र र त्यही भ्रष्टचार यथावत छ । सरकार र यसका निकायहरु अझै पनि जनमुखि भएका छैनन ।

विदेशी मुद्रा सञ्चिति खम्चीएको छ, रेमिट्यान्स कमजोर हुदै छ , पर्यटन क्षेत्रमा समस्य-नै समस्या छ साथै सम्पुर्ण उद्योग व्यावसाय कमजोर बन्दै छ । पहिला सरकार आफु सुध्रिनु पर्छ । के सरकार सुध्रिन तयार छ ?

प्रधानमन्त्री रोजगार कार्यक्रम तत्काल खारेज गर्नुपर्ने :

प्रधानमन्त्री रोजगार कार्यक्रका लागि ५ अरब १ करोड रुपैया बिनियोजित गरीएकोमा यो रकम अपुग हुने भन्दै विश्व बैंक संग थप १३ अरब ऋण लिएबाट नेपाली जनतालाई सधै ऋणको भारी बोकाउने यस्तो अपारदर्शी कार्यक्रम तत्काल बन्द हुनु पर्छ ।

संघीयतालाई फेज आउट गर्नु पर्ने :संविधानले जुन मर्मका साथ प्रादेशिक तहको ब्यबस्था गऱ्यो, त्यो अनुसार संघियताको कार्यान्वयन बिल्कुलै भएन र भएको छैन पनि त्यसर्थ संघियतालाई फेज आउट गरेको खण्डमा बार्षिक अरबौ? पैया बचत हुने छ ।

पदनिवृत्त व्यक्तित्वको सेवा सुविधा खारेज गर्नुपर्ने :

पूर्व प्रधानमन्त्री, मन्त्री, पुर्व राष्ट्रपति, पूर्व सभामुख लगायत पदनिवृत्त भी.आ.पी. व्यक्तिहरु उपर हुने सुरक्षा र सुविधाको नाममा वार्षिक अरबौ रुपैया खर्च भइरहेको छ । यसर्थ यो प्रावधान तत्काल खारेज गर ।

संसदीय समिति र कोष खारेज गर्नुपर्ने :संसदमा रहेका विभिन्न समिति र कोषको नाममा वार्षिक अरबौ रुपैया खर्च भइरहेको छ । यसर्थ यस्था समिति तत्काल खारेज गर ।

सामाजिक सुरक्षा र अनुदान खारेज गर :

सामाजिक सुरक्षा र विभिन्न अन'दानका नाममा राज्यबाट सञ्चालित विभिन्न कार्यक्रमले समेत समय सापेक्ष कार्य नगरी राष्ट्रको ढुकुटी मात्र रित्ताइरहेबाट यस्ता कार्यकम तत्काल खारेज गरियोस ।

सांसद र मन्त्रीको हकमा "नो वर्क, नो पे" लागु' गर्नुपर्ने :

संसदको अधिवेशन कहिले काही मात्र बस्ने तर सांसदहरुले अधिवेशन नबसेको समयमा पनि तलब, भत्ता र सुविधाको नाममा प्रत्येक सांसद उपर महिनामा लाखौ रुपैयाको भार राष्ट्रिय कोषमाथि थपिने हुदा सांसद र मन्त्रीमण्डल समेत उपर "नो वर्क, नो पे" को नियम लागु गरियोस ।

प्रत्येक सांसदले पाउने १५ करोड पारदर्शी गर :

कोरोनाको प्रकोप रहुन्जेल र प्रकोप समाप्त भएको थप ३ महिना सम्म सांसदहरुले पाउने यो रकम सांसदहरुलाई भुत्तानी नगरी राष्ट्रिय कोषमानै जम्मा गरियोस र उक्त रकम महामारीले पिडित बनेका उद्योगी व्यावसायीको हक र हितमा खर्च गरियोस ।

भत्ता तथा सुविधा तत्काल खारेज गर ।

राज्यको कुनै पनि तहका प्रशासनिक र संबैधानिक कर्मचारीले तलबको अत्तिरीक्त पाउने भत्ता तथा सुविधा तत्काल खारेज गर ।

खर्चमा ब्यापक सुधार गर ।

प्रदेश र स्थानीय तहको खर्चमा ब्यापक सुधार गरी जनतालाई राहतको आभाष प्रदान गरीयोस ।

दात्री निकायले प्रदान गरेको रकम पारदर्शी गर्नुपर्ने ।

विभिन्न दात्री निकायहरु, विश्व बैक, एशियाली बिकास बैक अन्तराष्ट्रिय मुद्रा कोष, नर्बेजियन प्रोजेट, डानिडा लगायतका निकायबाट प्राप्त अरबौ रुपैयाको जम्मा रकमको हिसाब र विभिन्न शिर्षकमा खर्च गरिएको रकमको हिसाब पारदर्शि रुपमा जनता समक्ष प्रस्तुत गर ।

शिक्षा स्वास्थ्य र कृषि क्षेत्रमा समेत राहतको प्याकेज लागु गर्नुपर्ने ।

शिक्षा स्वास्थ्य र कृषि क्षेत्रमा समेत राहतको प्याकेज ल्याई जनताको पनि सरकार हो भन्ने आभाष प्रदान गर । लगायतको माग राखी विराट व्यापार संघका सुजन थापा, मदिरा व्यावसायी संघका विनोद के.सी, खुद्रा व्यापार संघका संजय मण्डल, मोरंग इलेक्ट्रिक संघका नविन अग्रवाल, नेपाल मुद्रण उद्योग संघका लव घिमीरे, नेपाल औषधि व्यावसायी संघका कुमार खतिवडा, नेपाल औषधि व्यावसायी संघ मोरंगका लक्ष्मी तिमल्सिना, विराटनगर हार्डवेयर संघका मुकुन्द दाहाल, विराटनगर ट्रक व्यवसायि संघका लक्ष्मी प्रसाई, ट्रान्सपोर्ट एसोसि एसनका नरबहादुर भण्डारी संयुक्त रुपमा सरकारको ध्यानाकार्षण गराएको छ ।

# उद्योगहरु संचालन गर्ने तयारीमा

विराटनगर । लकडाउनको अवधिमा पनि सरकारले आवश्यकताका आधारमा उद्योगहरु सञ्चालन गर्ने तयारी अगाडि बढाएको छ ।

दैनिक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योग, निर्माण सामग्री उत्पादन गर्ने उद्योग र निर्यातजन्य उद्योगहरु क्रमश सञ्चालन गर्दै जाने उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्री लेखराज भट्टले जानकारी दिनुभएको थियो ।

लामो समय उद्योग बन्द हुँदा आर्थिक क्षेत्र संकटग्रस्त बन्दै जाने भएकोले उद्योग चलाउने तयारी सरकारले गरेको छ । मन्त्रालयले उच्चस्तरीय समितिमा उद्योग सञ्चालनको मोडालिटिको विषयमा प्रस्ताव गरिरहेको र छिट्टै निर्णय हुने हुने र सरकारले कार्यविधि बनाएर उद्योग चलाउने तयारी गरेको छ ।

उद्योग सञ्चालनका लागि उद्योगीहरुको छाता संगठन, श्रमिक सगंठन लगायतसँग छलफल गरिसकिएको मन्त्रालयले जनाएको छ । सुनसरी मोरङ औद्योगिक करिडोरका अधिकांश ठूला उद्योगहरु सञ्चालन हुन थालेका छन् ।

एकसाताअघि देखि बन्द रहेका सबै उद्योग सुचारु भइसकेका छन् । धेरै मजदुरहरुलाई रोजगारी दिर्दै आएका जुट उद्योगहरु, धागो उद्योग, फलामे डण्डी र जस्तापाताका उद्योग, मदिरा तथा अन्य खाद्यान्न उद्योगहरु सञ्चालन मा आइसकेका छन् ।

सरकारले चरणवद्ध रुपमा उद्योग सञ्चालन गर्ने योजना बनाउँदै गर्दा उद्योगीहरुले भने आपुर्ति व्यवस्थामा असर पर्न नदिन र आफ्ना मजदुरहरुलाई काम नगरी पारिश्रमिक दिनुभन्दा समय र सामाजिक दुरी व्यवस्थापन गर्दै काममा लगाएर उद्योग सञ्चालनको काम अगाडि बढाएका छ ।

मोरङ व्यापार संघका वरिष्ठ उपाध्यक्ष नविन रिजालले स्थानीय मजदुरहरु प्रयोग गरेर केही उद्योगहरु सञ्चालन भइरहेको जानकारी दिनु भएको थियो ।

# अधिकारवादी संस्था द्वारा स्वास्थ्य रक्षाको माग

विराटनगर । मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील संघ संस्थाहरूले प्रदेश नं. १ सरकारसंग नागरिकहरुको स्वास्थ्य अधिकारको रक्षा गर्न माग गरेका छन् ।

नोवेल मेडिकल कजेल विराटनगरले लकडाउनको अवधिमा प्रसुति गराउन आएकी उदयपुर त्रियुगा नगरपालिका-११ की एक जना गर्भवती महिला र भाँचिएको हातको शल्यक्रिया गराउन अस्पताल भर्ना भएका एक जना युवालाई उदयपुरवासी भन्दै उपचार नगरी अस्पतालबाट फिर्ता पठाएको विषयमा अधिकारवादीहरूले गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

नागरिक अधिकारवादीहरूले आधारभूत मानव अधिकारको रक्षा गर्न माग गर्दै प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्की, सामाजिक विकास मन्त्री जीवन घिमिरे र प्रमुख जिल्ला अधिकारी मदन भुजेललाई हिजो ध्यानाकर्षण पत्र बुझाएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले कोरोना जोखिमका समयमा निजी अस्पतालले उपचारबाट वञ्चित गराएको विषयमा नागरिक समाजबाट खबरदारी गरी राज्यलाई सहयोग पुर्याएको बताउनुभयो ।

मन्त्री कार्कीले मानव अधिकारको रक्षाका लागि प्रदेश सरकार सधैँव तयार रहेको र कुनै पनि नागरिकलाई आगामी दिनमा स्वास्थ्य अधिकारसहित अन्य अधिकारबाट वञ्चित हुन नदिने बताउनुभयो ।

आन्तरिक मामिला तथा कानन मन्त्री कार्कीलाई नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष मानबहादुर रुम्दाली, गैरसरकारी संस्था महासङ्घ नेपालका केन्द्रीय सचिव उमेश विश्वकर्मा, नेपाल पत्रकार महासङ्घ प्रदेश १ का अध्यक्ष विक्रम लुइटेल, इन्सेक प्रदेश १ संयोजक सोमराज थापा, नेपाल पत्रकार महासङ्घ मोरङ अध्यक्ष बन्धु पोखरेल, मानव अधिकार सञ्जाल मोरङ अध्यक्ष डीकप्रसाद घिमिरे, सिविन नेपाल मोरङ संयोजक वासुदेव अधिकारी, ओरेक नेपाल मोरङ संयोजक दीपक सेञ्चुरीलगायत २६ जना अधिकारकर्मीहरूले प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् ।

# बहालकर र ब्याज छुटको माग

विराटनगर । उद्योग व्यवसायी चालाउने व्यापारीहरुले लगातारको लकडाउनको कारण आफ्नो व्यवसाय धरासायी भएको भन्दै सरकारको ध्यानाकर्षण गराउदै बहालकर र ब्याजमा छुट दिनु पर्ने माग गरका छन् ।

विराट व्यापार संघको अगुवाईमा व्यापारीहरुले प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्की, मोरंगका जिल्ला प्रशासन कार्यालय मोरङ्गका प्रमुख मदन भुजेल र विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीलाई ज्ञापनपत्र बुझाएको छ ।

व्यापारीहरुले लकडाउन अवधिभरको तथा लकडाउन समाप्त भएको ३ महिनासम्मको घर बहाल कर, व्यवसायिक कर तथा घरजग्गा करमा छुटको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।

वांकी ३ पेजमा...

# धार्मिक स्थल मस्जिदहरुको निरक्षण

विराटनगर । नेपाल सरकारले गरेको लकडाउनको पालना भए नभएको, समाजिक दुरी पालना भए नभएको लगाय विषयको लागि मुस्लिम आयोग मोरङ जिल्ला अनुगमन तथा समन्वय समितिले मुस्लीमहरुका धार्मिक स्थल मस्जिदहरुको निरीक्षण गरेका छन् ।

आयोगका मोरङ संयोजक जुल्फीकार अली नेतृत्वको टोलीले नगरक्षेत्रका विराटनगर महानगर पालिका वडा नं. ९ स्थीत रहेको अन्जुमन इस्लामिया जामा मस्जिद पुगरे त्यहांका बस्तु स्थितिवारे जानकारी लिएका थिए ।

अनुगमन निरीक्षणको क्रममा संयोजक अलीले सिंगो विश्व महामारीले आक्रांत रहेको

वांकी ३ पेजमा...

## भोजपुरी भाषामा

हमनी सबके जिममेवारी,
कोरोना भाइरस संक्रमणके रोकेला
अपनावल जाऊ होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण ह ।
- संक्रमित भइल आदमी खोकला छिँकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलला ।

**यी रोगसे बचैके का र परि ?**

- खोकैक आ छिँकैके समय नाक आ मुख निमनसे तोपेके । आ प्रयोग कइलगेल टिसुपेपरके तुरन्त फोहोर विगेवाला बुडादानीमे विगैके ।
- समय समयमे साबुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगावेके ।
- केकरोसे मिलजाइके समय हात नमिलावेके । मात्र प्रणाम आ नमस्कार करेके ।

**आ, काथि ना करैके ?**

- खोकी लागेल आदमीसे दुरी बनाके रहैके ।
- आ अपनहुके खोकी लागलवा त दोसरो आदमीसे दुरीमे रहेके ।
- भीडभाष्मे नजायके आ दोसोरो लोगके भीडभाडभेल जगहमे नजायला सम्झावेके ।

**आ ध्यान देवेवाला बात :**

- बोखार लगलापर, खाँसी लगलापर, आ साँस लेइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेले पैसा नालागेवाला टेलिफोन नं. १११५ मे फो कर सकैनि ।
- मत हडबडाई, और सतर्क बनी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

'तपाई हाम्रो सचेतता, कोरोना भाइरस रोगको संक्रमण रोक्न अपनाऔं सतर्कता'

कोरोना भाइरस कोभिड-१९ रोग स्वासप्रश्वासको माध्यमबाट सर्ने संक्रमण हो । संक्रमित व्यक्तिले खोक्दा र हाछ्यू गर्दा निस्कने थुक र सिंगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो भाइरस सर्दछ ।

जनहितका लागि प्रदेश १ सरकारको सन्देश

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# धार्मिक ग्रन्थ कुरान पाठ गर्दै रोजा बसेका छन् कोरोना सङ्क्रमित मुस्लिमहरू

विराटनगर । कोरोना उपचारमा रहेका मुस्लिमहरु रोजा ब्रत बस्दै धार्मिक ग्रन्थ कुरान पाठ गर्नुका साथै प्रत्येक दिन निर्धारित समयमा नमाज पढिरहेका छन् ।

केन्द्रको धार्मिक सहिष्णुता देखेर कोशी अस्पताल (कोभिड-१९) उपचार केन्द्रमा उपचारार्थ कोभिड -१९का पोजेटिभ सङक्रमितहरु सेवा तथा उपचारबाट खुशी रहेका छन् ।

सङक्रमितहरु आफ्नो दिनचर्या साधारण रुपमा अन्य समय झै व्यतित गरिरहेका छन् । केन्द्रमा यही वैशाख ५ गते बेलुकी उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्केबाट ल्याएको कोभिड पोजेटिभको उपचार शुरु गरिएदेखि आजसम्म ३१ जनाको उपचार भइरहेको छ ।

प्रदेश नं १ को सरकारले स्थापना गरेको विराटनगर-१० मा रहेको केन्द्रमा १०० शैय्या मध्ये १० शैययाको भेन्टिलेटर सहितको सघन उपचार कक्ष रहेको छ ।

केन्द्रमा दुई महिला, १२ भारतीय सहित ३१ जनाले दैनिक रुपमा आफ्नो कार्य गरी समय बिताई रहेका छन् । उपचार केन्द्रको व्यवस्थापन, गम्भीरता, हेरचाह, सरसफाई, व्यवहार, सङ्क्रमितप्रतिको सकारात्मक सोच र जवाफदेहीताबाट उनीहरु केन्द्रको उपचार व्यवस्थापनबाट प्रसन्न रहेका छन् ।

महिलालाई अलग कोठा सहित सबैलाई केन्द्रको तल्लो तल्लामा राखिएको छ । उनीहरुले दैनिक रुपमा आफ्नै कोठामा साधारण व्यायाम गर्ने गरेका छन् भने अन्य समयमा केन्द्रले जडान गरेको इन्टरनेटबाट मनारञ्जन गर्ने गरेका छन् ।

सङक्रमितहरुलाई अहिले साधारण औषधि प्रयोग गर्ने गरिएको छ भने निजहरुले पहिले देखि प्रयोग गरिरहेको औषधि समेत सुचारु नै रहेको छ ।

मुस्लिम समदायले आफ्नो समय अनुसार नमाज पढ्ने गरेको केन्द्र व्यवस्थापन समितिले जनाएको छ ।

उपचार केन्द्रमा रहेका १७ जना मुस्लिम समुदायले एक महिना बस्ने रोजा (ब्रत) बसिरहेको केन्द्रका व्यवस्थापन समितिका संयोजक ज्ञानबहादुर बस्नेतले जानकारी दिनु भयो ।

केन्द्रले मुस्लिम समुदायलाई माग अनुसार धार्मिक ग्रन्थ कुरानको व्यवस्था गरिदिएको छ ।

प्रदेश नं १ सामाजिक विकासमन्त्री जीवन घिमिरेले सङ्क्रमितको उपचार सेवामा कुनै कमि हुन नदिने बताउँदै अग्रभाग कार्य गर्ने चिकित्सक र स्वास्थ्यकर्मीको स्वास्थ्यप्रति सरकारले ध्यान दिएको बताउनु भयो ।

उहाँले सङ्क्रमितको उपचारमा कार्य गर्ने चिकित्सक, स्वास्थ्यकर्मीहरुलाई खाना, बास, तथा प्रोत्साहन भत्ता, वीमा लगायतको व्यवस्था गरिएको जानकारी दिनु दिँदै इस्लाम धर्मावलम्बीहरुको महान् चाड रमजान पर्वको शुभकामना पनि दिनुभयो ।

केन्द्रका प्रत्येक कोठामा सिसि टिभि राखिएकाले चिकित्सकले त्यसैबाट अनुगमन गर्ने गरेका छन् भने सङ्क्रमितहरुले आवश्यक परेको बेलामा मोबाइलबाट सम्पर्क गर्ने गरेको संयोजक बस्नेतले जानकारी दिनु भयो ।

सङ्क्रमितहरुमा अहिलेसम्म कुनै समस्या नदेखिएको र साधारण रुपमा बसिरहेको कोशी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. सङ्गीता मिश्राले बताउनु भयो । उनीहरुमा कुनै खास लक्षण समेत नदेखिएको डा. मिश्राले जानकारी दिनु भयो ।

केन्द्रमा उपचारका लागि चार चिकित्सक, चार नर्स, तीन स्वास्थ्यकर्मी र तीन सफाई कर्मचारी दैनिक कार्य गरिहेका छन् ।

चिकित्सकले दैनिक छ घण्टा र नर्स, स्वास्थ्यकर्मी तथा सफाई कर्मचारीले दैनिक आठ/आठ घण्टा एक सप्ताह उपचार केन्द्र भित्र र बाहिर कार्य गरेपछि १४ दिन क्वारेन्टाइनमा जाने व्यवस्था गरिएको डा. मिश्राले बताउनु भयो ।

उपचारार्थ सङ्क्रमितलाई चिया, कफिको सम्पूर्ण सामाग्रीको व्यवस्था गरिएको व्यवस्थान समितिका सदस्य ध्रुव उराँवले जानकारी दिनु भयो ।

सङ्क्रमितहरुमध्ये १७ जना मुस्लिम रोजा (ब्रत) बसेको हुनाले साँझ ५:३० बजे खाजा (इफतार), साँझ ६:३० बजे खाना र बिहानको ३ बजे खानुपर्ने खाना(सेहरी) बेलुकी नै उपलव्ध गराइने गरिएको छ । कोरोना सङ्क्रमितहरुको आज १० औं रोजा हो । यसलाई पहिलो असरा पनि भनिन्छ ।

उहाँहरुको अझै २० वटा रोजा बस्न बाँकी छन् । रमजान महिनालाई १०/१० दिनको तीन असरामा बिभाजन गर्ने परम्परा छ । यसैगरी अन्यका लागि बिहान ८ वजे खाजा, ११ वजे खाना, दिउँसो फलफूल र साँझ ६:३० खाना उपलव्ध गराइएको सदस्य उराँवले जानकारी दिनु भयो ।

सङ्क्रमितहरुलाई खानामा हरियो सागसव्जी, माछामासु, अण्डा एवं माग अनुसार भात र रोटीको व्यवस्था गर्ने गरिएको छ । उनीहरुलाई खानाको लागि होटल इर्स्टन स्टार र रुबिजबाट प्याकेटमा ल्याउने प्रवन्ध मिलाइएको छ । रोगप्रतिरोध क्षमता आर्जनका लागि दैनिक मौसम अनुसारको फलफूल उपलव्ध गराइको संयोजक बस्नेतले भनाई छ ।

सङक्रमितले प्रयोग गरेको खानाको प्याकेट सहितको फोहरलाई सङक्रमण रहित बनाएर खाल्डोमा पेट्रोलबाट जलाइने गरेको समितिका सदस्य उराँवले जानकारी दिनु भयो ।

सङक्रमित उपचार गराइरहेका मध्ये पहिलो चरणमा आएका १३ जनाको एक पटक थ्रोट स्वाव नमूना सङकलन गरिएको छ भने आज दोश्रो पटक नमूना सङ्कलनको परीक्षणबाट आएको रिपार्टको आधारमा उनीहरुलाई घर फर्कन दिन सम्बन्धमा छलफल गरिने बताउनु भयो ।

सङक्रमितलाई घर पठाउन दुई पटक स्वाव(पिसिआर) रिपोर्ट नेगेटिभ आएमा एक हप्ता घरमै क्वारेन्टाइनमा बस्न आग्रह सहित पठाउने सकिने समितिका संयोजक बस्नेतले बताउनु भयो ।

केन्द्रमा स्वास्थ्य सुरक्षा प्रति ध्यान दिइ केन्द्रका सम्पूर्ण क्षेत्रमा निर्मलीकरण गर्नुका साथै सङ्क्रमितले प्रयोग गरेका सामान सुरक्षित तरिकाले सङ्क्रमणरहित बनाई व्यवस्थापन गर्ने गरिएकोले अन्य क्षेत्रमा सङ्क्रमण फैलने सम्भावना नरहेको संयोजक बस्नेतले बताउनु भयो ।

औषधिको थोक बिक्रेता विराटनगर-१० का राजेशसिंह डङ्गोलले कोभिड-१९बाट सङक्रमित उपचारका खटिने स्वास्थ्यकर्मीलाई उचित प्रोत्साहन दिनु पर्ने बताउँदै केन्द्रको उपचार कार्य सरहनीय छ भन्नु भयो ।

प्रदेश सरकारले कोभिडबाट सङक्रमितहरुको उपचारलागि सुविधा सम्पन्न अस्पताल बनाउने निर्णय अनुसार बिगतको नेशनल ट्रेडिङको लि. को पुरानो भवनलाई आवश्यक मर्मत सम्भार गरी सुविधा सम्पन्न केन्द्र १० दिनभित्रमा तयार गरिएको हो । केन्द्रमा कोशी अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले आवश्यक स्वास्थ्य सेवा पुर्याइरहेका छन् ।

केन्द्रमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारहरुलाई होटलबाट निःशुल्क खाना व्यवस्था गरिनुका साथै बसोबासका लागि स्थानीय इर्स्टन र रुविज होटलहरु र जैन भवनमा व्यवस्था गरिएइको छ । रासस




## अवधी भाषामा

### आव हमलोकके खातिर सचेतता, कोरोना भाइरस रोगका संक्रमणका रोकैत अपनायजायवाला सतर्कता :

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण होई ।
- संक्रमित मनई खाँसत, आइ छिकत निकालइवाला थुक,ओईके माध्यमसे एक मनइसे दुसर मनइमा यी भाइरस फैलत हई ।

**यी संक्रमणसे बचैके खातिर का करैके चाही ?**

- खाँसत, छिकत, नाकमुख मुदो, और प्रयोग करैका टिसुपेपरका तुरुन्तै कुडाफेकवाला जगहमा बेगाइदिया जाई ।
- समय समयमे साबुन पानीसे हातमुह मल-मलके धोवजाय या सेनिटाइजर प्रयोग किया जाए ।
- हात नमिलाऊ, ओके जगहमा नमस्कार और रामराम करो ।

**का ना करै ?**

- जुकाम लगइ मनइसे दुर रहजाय । या अपनेका जुकाम लगा है तो और मनिमसे दुर बैठाजाय । भीडमे नजावजाय, औका नजावजाय बताबजाय ।

**और धयान देव परैवाला बात :**

- बोखार आवत, खाँसी लागत, स्वाँस लेबे तकलिफ होत नेहरेरहा स्वास्थ्य केन्द्रमे इहियन सम्पर्क करावजाय ।
- कोरोना भाइरस रोगके बारेम और जानकारीके खातिर पैसा नपरेवाला हटलाईन टेलिफोन नं. ११५५ मा फोन करजाय ।
- न परिसान हुआजाय, लेकिन होसियार रहजाय ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कुन मन्त्रालयले...

मन्त्रालय :

यस मन्त्रालयले नेपालमा रहेका राष्ट्रिय वन, सामुदायिक वन, कबुलियत वन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सिमसार र चरन क्षेत्रको छुट्टाछुट्टै नाम, क्षेत्रफल जिल्ला, मुख्य जिम्मेवार व्यक्तिसहितको विवरण प्रकाशित गर्नुपर्छ ।

यस अतिरिक्त सरकारले कुन-कुन वन क्षेत्र कुन-कुन संघ संस्थालाई के प्रयोजनका लागि के शर्तमा जग्गाको भोगाधिकार दिएको छ र वर्तमान स्थिति के छ ? सम्पूर्ण विवरण संकलन गरी वेबसाइटमा राख्नुपर्छ ।

यस अतिरिक्त यस मन्त्रालयले कुन(कुन आयोजनाको सामान्य र विस्तृत वातावरण प्रभाव मूल्याङ्कन सम्पन्न भएको छ, कुन कामका लागि कति समय लाग्यो, अनुगमनको प्रतिवेदन सहितको विवरण नियमितरुपमा सार्वजनिक गर्नुपर्छ ।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

यस मन्त्रालयले मुलुकभरि कतिवटा लालपूर्जा वितरण भएको छ, जमिनको कित्ताकाट संख्या कति हो ? कति जमिन गुठीबाट रैकरमा परिणत भयो, नेपालभरि के-कति पर्ति जमिनमा बसोबास भएको छ ? मुलुकभरिरहेको सार्वजनिक जमिन कहाँ र कसरी अतिक्रमणमा परेको छ, लगायतको विवरण अपडेट गरी सार्वजनिक गर्नुपर्छ ।

साथै, नेपालभरि रहेका मालपोत कार्यालयबाट भइरहेको जग्गाको खरिद बिक्री र नापी कार्यालयबाट भइरहेको कित्ताकाटको मासिक प्रगतिविवरण सार्वजनिक गर्ने परम्पराको थालनी गर्नुपर्छ ।

यस अतिरिक्त, यस मन्त्रालयले नेपालभित्र क्रियाशील सबै सहकारी संस्थाको विवरण, संकटग्रस्त सहकारी र कारबाहीको विवरण लगायतका सूचना सार्वजनिक गर्नुपर्छ ।

यसका अतिरिक्त गरिबी निवारण कोषबाट प्रदान गरिएको रकम, आयोजनाको नाम, सोको जिम्मेवार व्यक्तिसहितको विवरण सार्वजनिक गर्नुपर्छ ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :

यस मन्त्रालयले नेपालभरि सडकको कतिवटा ठेक्का लागेका छन् । तीमध्ये कति ठेक्का समयमै सम्पन्न भए । कति ठेक्कामा जरिवानाको निर्णय गरियो । म्याद गुजार्ने निर्माण व्यवसायी को-को हुन् ? तिनको विवरण सार्वजनिक गर्नुपर्छ । यस्तै पुल निर्माणको अवस्था के छ ? कुन(कुन प्रदेश, जिल्ला र स्थानीय तहको सडकको स्थिति के छ भन्ने तथ्यांक वेवसाईटमा नियमितरुपमा अपडेट गरी राख्नुपर्छ ।

यस अतिरिक्त, मुलुकभरि कति सवारी साधन दर्ता भए, कति नवीकरण भए, कतिजनाले सवारी चालक अनुमतिपत्र लिए, कतिजनालाई ट्राफिक नियमानुसार दण्ड गरियो भन्ने तथ्यतथ्यांक मासिकरुपमा सार्वजनिक गर्नुपर्छ ।

१३. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय :

यस मन्त्रालयले कुन-कुन विदेशीले धर्मपुत्र, धर्मपुत्री बनाई के कति केटाकेटीलाई कुन-कुन मुलुकमा लगेका छन् भन्ने जानकारी सार्वजनिक गर्नुपर्छ ।

यसैगरी, समाज कल्याण परिषदले वैदेशिक सहायताका लागि दिएको अनुमति र उपलब्धिसम्बन्धी अद्यावधिक तथ्यांक वेबसाइटमा राख्नुपर्छ ।

साथै मुलुकभरि मासिक सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण ७५३ वटा पालिकाबाट संकलन गरी एकीकृत विवरण वेबसाइटमा सार्वजनिक गर्नुपर्छ ।

१४. युवा तथा खेलकुद मन्त्रालय

यस मन्त्रालयले आफ्नो र मातहत निकायहरूको बजेट र खर्चको स्थितिसहितको विवरण सार्वजनिक गर्नुपर्छ । यस्तो विवरण प्रकाशित राष्ट्रिय खेलकुद परिषद्लगायत निकायगतरुपमा विवरण सार्वजनिक गर्नुपर्छ ।

१५. रक्षा मन्त्रालय :

यस मन्त्रालयले कुन-कुन प्रयोजनका लागि के-कति सेना कहाँ परिचालन भइरहेका छन् सेनाको हेलिकप्टरले के-कस्तो सेवा प्रवाह गरेको छ । सेनाद्वारा जनताको हितमा सञ्चालित कार्यक्रम के-के छन् ? लगायतका विवरण आफ्नो वेबसाइटमा अद्यावधिक गरी राख्नुपर्छ । साथै सेनाको कल्याणकारी कोषबाट भएका गतिविधिहरू पनि सार्वजनिक जानकारीमा ल्याउनु पर्छ ।

१६.शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय :

यस मन्त्रालयले जिल्लागत स्कुलको नामावली, अनुदानको विवरण, शिक्षक र विद्यार्थी संख्या, यसैगरी स्कुल र कलेज लगायतका शिक्षण संस्थाले लिने गरेका शुल्कको तुलनात्मक चार्ट आफ्नो वेबसाइटमा राख्नुपर्छ ।

यसैगरी विज्ञान र प्रविधि क्षेत्रका प्रगति पनि अपडेट गरी नियमितरुपमा प्रकाशन गर्नुपर्छ ।

१७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :

यस मन्त्रालयले श्रमिकसम्बन्धी कल्याणकारी कोषबाट खर्च भएको रकम, बोनस वितरण भएको स्थिति र वैदेशिक रोजगारमा रहेका युवा र मेनपावर कम्पनीसम्बन्धी यथार्थ सूचना वेबसाइटमा राख्नुपर्छ । साथै, सामाजिक सुरक्षा कोषमा आवद्ध हुनेको विवरण पनि सार्वजनिक गर्नुपर्छ ।

१८.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

यस मन्त्रालयले सरकारका तीनै तहका मुख्य(मुख्य आयोजना, तिनको बजेट र समन्वय वा द्वन्द्व चित्रित गर्ने यर्थाथ सूचना सार्वजनिक गर्नुपर्छ ।

यसैगरी यस मन्त्रालयले कर्मचारी तन्त्रसम्बन्धी नीति, पदस्थापन, सरुवा लगायतको जनचासोका सूचना नियमितरुपमा सार्वजनिक गर्नुपर्छ । उदाहरणका लागि, कर्मचारीका छोराछोरीले पाएको छात्रवृत्ति लगायत कर्मचारीसम्बन्धी विवरण सार्वजनिक गर्नुपर्छ ।

१९.सञ्चार तथा सूचना प्रविधि मन्त्रालय :

यस मन्त्रालयले हुलाक प्रशासनको अवस्था, मुद्रण विभागलाई काम दिने निकाय, दूरसञ्चार, प्रेस स्वतन्त्रता सँग सम्बन्धी जानकारीहरू सार्वजनिक गर्नुपर्छ ।

२०.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :

यस मन्त्रालयले हवाइजहाज कम्पनी र तिनको उडान तालिका, भाडा दर, पदयात्रा मार्गहरु, होटलहरुको सम्पर्क सञ्जाल, पर्यटकीय क्षेत्रहरु, आरोहणका लागि खुलेका हिमाल र रोयल्टी दर सार्वजनिक गर्नुपर्छ ।

२१. सहरी विकास मन्त्रालय :

यस मन्त्रालयले शहरी विकासका मेगा प्रोजेक्टको स्थिति, नेपालभरि सञ्चालित बस्ती विकास, सहरी विकास र भवन विकासलगायतका आयोजनाहरुको यथार्थ विवरण वेवसाईटमा ‘अपडेट’ गरी राख्नुपर्छ

२२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :

यस मन्त्रालयले छात्रवृत्तिमा पढेका र हाल सेवा गरेका वा नगरेकाहरूको विवरण, अस्पताल र औषधिको परिचालन स्थिति, औषधि उपचार खर्च लिने नागरिकको सूचीलगायत सार्वजनिक गर्नुपर्छ । (पूर्वअर्थसचिव बास्कोटा राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त हुन्) अनलाईन खबरवाट